# मिक्लाजुङ गाउँपालिका

## विनियोजन ऐन, २०७५

गाउँसभाबाट स्वीकृत मितिः २०७५/०३/१०

**मिक्लाजुङ गाउँपालिका**

**रबि, पाँचथर**

प्रमाणित -

०७५/०३/१०

अमरराज माखिम
अध्यक्ष

# मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन, २०७५

**मिक्लाजुङ गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**सभाबाट स्वीकृत मितिः २०७५/०३/१०**

**प्रस्तावना** : मिक्लाजुङ गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मिक्लाजुङ गाउँसभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम " मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३६,४०,४३,००० ।- (अक्षेरुपी छत्तीस करोड चालीस लाख त्रिचालीस हजार चौसठ्ठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त मिक्लाजुङ गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

२) आन्तरीक आम्दानी निर्दिष्ट गरिएभन्दा बढी संकलन भएमा सोको बाँडफाड सोही आर्थिक वर्षमा गाउँ कार्यपालिकाबाट निर्णय गराई रकम विनियोजन गरी खर्च गर्न सकिनेछ

मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रवि, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

# अनुसूचि-१
## (दफा२ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तिया व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३८,१४९,००० | ८५,३१४,००० | | १२३,४६३,००० |
| २ | | वडा समिति | ६,८००,००० | ५०,०८०,००० | | ५६,८८०,००० |
| ३ | | बिषयगत शाखा | १५८,५७८,००० | २५,१२२,००० | | १८३,७००,००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **कुल जम्मा** | २०३,५२७,००० | १६०,५१६,००० | ० | ३६४,०४३,००० |

अमरराज माखिम
अध्यक्ष